KTM, CDO Regd. No. 07/043/44

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

Founded: 20 Falgun 2007(4th March 1951)

(Mutually affiliated with Indian Medical Association)

**Member:**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)

**EXECUTIVE COMMITTEE (2023-2026)**

**President**
Dr. Anil Bikram Karki

**Immediate Past President**
Dr. Lochan Karki

**Senior Vice President**
Dr. Badri Rijal

**Vice President & Province Coordinator**
Dr. Bipesh Acharya (Koshi)
Dr. Niraj Kumar Singh (Madhesh)
Dr. Prakash Budhathoky (Bagmati)
Dr. Rajan Sharma (Gandaki)
Dr. Nanda Kumari Gurung (Lumbini)
Dr. Keshar Bahadur Dhakal (Karnali)
Dr. Prashant Bhatt (Sudurpaschim)

**General Secretary**
Dr. Sanjeeb Tiwari

**Treasurer**
Dr. Pramod Joshi

**Joint Secretary**
Dr. Leison Maharjan

**Joint Treasurer**
Dr. Bikrant Dhakal

**Members**
Dr. Amit Ranjan Mishra
Dr. Kishor Khatry
Dr. Smritee Mahat
Dr. Srijana Bista
Dr. Tejsu Singh Malla
Dr. Yoveen Kumar Yadav

**Editor-in-chief**
Dr. Angel Magar

मितिः २०८० आश्विन १२ गते

## प्रेश विज्ञप्ति

देशका विभिन्न (पछिल्ला घटनाक्रमहरू जस्तै हेटौडा, बुटबल, लमजुंङ, मणिपाल कलेज पोखरा, बिराटनगर, बगौडा अस्पताल, चितवन, पाटन लगायतका) अस्पतालहरू लगायत स्थानमा चिकित्सक तथा स्वास्थ्यकर्मीहरूमाथि सांघातिक आक्रमण गरी गम्भीर घाइते बनाइएको, स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रलाई आतंकित पारी शान्तीपूर्ण वातावरणमा स्वास्थ्य सेवा प्रवाहमा खलल पुऱ्याइएको तथा अस्पताल नै तोडफोड गरिएका घटनालाई लिएर देशभर सार्वजनिक भएका सम्पूर्ण आन्दोलनका कार्यक्रममा २०८० आश्विन ०९ गते यस संघद्वारा ऐक्यबद्धता जाहेर गरेको सबैलाई बिदितै छ । स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिद्वारा गरिएको सम्पूर्ण आन्दोलनका कार्यक्रममा यस संघद्वारा समन्वयकारी र मध्यस्तकर्ताको भूमिका निर्वाह गरेको समेत जानकारी गराउन चाहन्छौं ।

स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिद्वारा यस संघलाई दिईएको जिम्मेवारीलाई गहनताका साथ लिएर त्यसलाई निर्वाह गर्दै हिजो २०८० आश्विन ११ गते माननीय उपप्रधान तथा गृह मन्त्रि, माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रि, गृह मन्त्रालयका सचिव तथा पधाधिकारीज्यूहरू, स्वास्थ्य मन्त्रालयका निमित्त सचिव तथा पधाधिकारीज्यूहरू, कानुन मन्त्रालयको सहसचिवहरूसंग यस घटनाको बिषयलाई लिएर गम्भीर रूपमा छलफल भएको व्यहोरा यसै बिज्ञप्ति मार्फत सम्पूर्णमा जानकारी गराउन चाहन्छौं ।

साथै स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिद्वारा माग गरिएको मागहरू तत्काल नै पुरा गरिदिनु हुन यसै बिज्ञप्ति मार्फत सम्बन्धित सम्पूर्णमा आवहान गर्दछौं ।

**स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन २०६६ र पहिलो संशोधन ऐन २०७९** लाई लागु गर्दै उठाइएको मागहरू तत्काल सम्बोधन नभएको खण्डमा सम्पूर्ण स्वास्थ्यकर्मीका संगठनहरूलाई यस कार्यक्रममा साथ दिन हार्दिक अपिल गर्दै थप आन्दोलनका कार्यक्रममा अझ शसक्त ढंगले सहभागी हुन समेत अनुरोध गर्न चाहन्छौं ।

भवदीय,

डा. सन्जिब तिवारी
महासचिव